**बेनीघाट रोराङ गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड – ८ संख्या – ४ मितिः २०८१ भदौ ६**

# भाग - २

करारमा खेलकुद प्रशिक्षक छनौट तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

**बेनीघाट रोराङ गाउँपालिका**
**विशालटार, धादिङ**
**बागमती प्रदेश**

**बेनीघाट रोराङ गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड – ८** **संख्या – ३** **मितिः २०८१ भदौ ६**

## करारमा खेलकुद प्रशिक्षक छनौट तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०४/३०

**प्रस्तावना :**

मुलुकको राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा छुट्टै पहिचान बनाउन खेलकुदको महत्वपूर्ण भूमिका रहेको हुन्छ । खेलकुदको माध्यमबाट विद्यार्थी तथा सर्वसाधारणको शारीरिक तथा मानसिक विकास गरी सक्षम र अनुशासित नागरिक तयार गर्नको निमित्त खेलकुद सम्बन्धी स्थानीय स्तरमा तालिम संचालन गरी सबै किसिमको खेलकुद आयोजना गर्न तथा विद्यालयस्तर, अन्तर स्थानीय तह स्तर, जिल्ला स्तर, प्रदेश स्तर, राष्ट्रिय स्तर एवं राष्ट्रपति रनिङ शिल्डहरुमा हुने विभिन्न खेलकुद प्रतियोगिताहरुमा यस बेनीघाट रोराङ गाउँपालिका अन्तर्गतका युवा तथा विद्यार्थीहरुको उपलब्धिमूलक सहभागिता गराउने उद्देश्य महशुस गरी खेलकुद प्रशिक्षक छनौट एवं खेलकुद विकास गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ तथा बेनीघाट रोराङ गाउँपालिकाको शिक्षा ऐन, २०७९ को दफा ५५ ले दिएको अधिकार प्रयोग गरी बेनीघाट रोराङ गाउँ कार्यपालिकाको मिति २०८१।०४।३० गतेको कार्यपालिका बैठकबाट स्वीकृत गरी यो कार्यविधि बनाईएको छ ।

### परिच्छेद १
### संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र परिभाषा :**

(क) यस कार्यविधिको नाम "करारमा खेलकुद प्रशिक्षक छनौट सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(ख) यो कार्यविधि बेनीघाट रोराङ क्षेत्र भित्र मात्र लागु हुनेछ ।

(ग) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले बेनीघाट रोराङ गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले करारमा खेलकुद प्रशिक्षक छनौट सम्बन्धी कार्यविधि, २०८१ लाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले बेनीघाट रोराङ गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "खेलकुद प्रशिक्षक" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाबाट गठित खेलकुद प्रशिक्षक छनौट समितिबाट छनौट भएको प्रशिक्षकहरुलाई सम्झनु पर्छ ।

(ङ) "प्रशिक्षक छनौट समिति" भन्नाले प्रशिक्षक छनौट गर्ने प्रयोजनको लागि यस कार्यविधिको परिच्छेद २ बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

(च) "अध्यक्ष" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको अध्यक्ष लाई सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखा प्रमुखलाई सम्झनुपर्छ ।

(झ) "शिक्षा शाखा" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको शिक्षा शाखालाई सम्झनुपर्छ ।

(ञ) "विषय विज्ञ" भन्नाले खेलकुद प्रशिक्षक भर्नाको लागि छनौट गरिएको विज्ञ सम्झनुपर्छ ।

(ट) "भत्ता" भन्नाले यस मापदण्डको खण्ड १० अनुसार खेलकुद प्रशिक्षकलाई दिइने भत्ता सम्झनुपर्छ।

(ठ) "पारिश्रमिक" भन्नाले प्रशिक्षकलाई मासिक रुपमा दिइने पारिश्रमिकलाई सम्झनुपर्छ ।

## परिच्छेद २

## खेलकुद प्रशिक्षक छनौट समिति सम्बन्धी व्यवस्था

### ३. खेलकुद प्रशिक्षक छनौट समिति गठन :

(३.१) यस गाउँपालिकामा खेलकुद प्रशिक्षक नियुक्तिका लागि प्रशिक्षक छनौट गरी सिफारिस गर्न देहायबमोजिमको खेलकुद प्रशिक्षक छनौट समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) प्रशासन शाखा प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत कर्मचारी - सदस्य

(घ) छनौट समितिले मनोनित गरेको खेलकुद विशेषज्ञ १ जना - सदस्य

(ङ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

आवश्यकता अनुसार अन्य विज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

(३.२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) खुला प्रतिस्पर्धात्मक परीक्षाबाट प्रशिक्षक करारमा नियुक्ति गरी गाउँपालिका समक्ष सिफारिस गर्न आवश्यक कार्य गर्ने ।

(ख) परीक्षा सञ्चालनका लागि आवश्यक सूचना प्रकाशन गर्ने, प्रश्नपत्रको निर्माण गर्ने, प्रश्नपत्रको गोपनीयता कायम गर्ने, लिखित र मौखिक परीक्षा संचालन गर्ने, प्रश्नपत्र जाँच गर्ने र अन्तिम नतिजा प्रकाशित गर्ने ।

(ग) प्रशिक्षक भर्नाका लागि परीक्षा पाठ्यक्रम निर्धारण गर्ने ।

(घ) परीक्षा सञ्चालनका लागि आवश्यक जनशक्ति परिचालन गर्ने, व्यवस्थापकीय कार्यहरु गर्ने तथा गराउने ।

(ङ) परीक्षालाई मर्यादित, स्वच्छ, निष्पक्ष एवं त्रुटिरहित तुल्याउन आवश्यक कार्यहरु गर्ने ।

(च) गाउँ कार्यपालिकासँग परीक्षा संचालनको सम्बन्धमा आवश्यक समन्वय गर्ने तथा गराउने ।

(छ) परीक्षा संचालनको लागि आवश्यक अन्य कार्यहरु गर्ने गराउने ।

(३.३) समितिको बैठक सम्बन्धी व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।

(३.४) समितिमा रहेका सदस्यहरुको कार्य विभाजन समितिको बैठकले तोके अनुसार हुनेछ ।

## परिच्छेद ३

## <u>खेलकुद प्रशिक्षक नियुक्ति सम्बन्धी व्यवस्था</u>

**<u>४. खेलकुद प्रशिक्षक सम्बन्धमा :</u>** गाउँपालिकाले आफ्नो मातहतमा रहेका विद्यालयभित्र खेलकुदको माध्यमबाट सर्वाङ्गीण विकास गर्ने हेतुले तपसिल बमोजिमका खेलकुद प्रशिक्षक नियुक्त गर्न सक्नेछ ।

क) एथ्लेटिक्स खेल विधातर्फ सहायक स्तर चौथो तह — ७ जना सम्म प्रशिक्षक

ख) मार्सल आर्ट खेल विधातर्फ  सहायक स्तर चौथो तह -२ जना सम्म प्रशिक्षक

माथि जुनसकै कुरा लेखिएतापनि प्रशिक्षकको संख्या गाउँसभाबाट स्वीकृत बजेटको आधारमा गाउँ शिक्षा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**<u>५. प्रतियोगिताको लागि विज्ञापन गर्नुपर्ने :</u>** खेलकुद प्रशिक्षक छनौटका लागि यस कार्यविधि अनुसारको गठित खेलकुद प्रशिक्षक छनौट समितिले कम्तिमा १५ दिनका सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेछ ।

**<u>६. दरखास्त बुझाउनु पर्ने :</u>** प्रतियोगितामा भाग लिन चाहने उम्मेदवारले छनौट समितिबाट तोकिए बमोजिमको परीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित विज्ञापनमा तोकिएको स्थान र अवधि भित्र दरखास्त फाराम बुझाउनु पर्नेछ ।

**<u>७. योग्यता सम्बन्धी व्यवस्था :</u>** खेलकुद प्रशिक्षकका लागि लिइने परीक्षामा उम्मेदवार हुन देहाय बमोजिमको मापदण्ड हुनेछ :

(क) कम्तीमा कक्षा १२ वा सो सरह  उत्तीर्ण गरेको ।

(ख) राष्ट्रिय खेलकुद परिषद र सो अन्तर्गतका निकाय वा सम्बन्धित क्षेत्रबाट सम्बन्धित बिधाको प्रमाणपत्र हुनुपर्ने।

(ग) नेपाली नागरिक हुनुपर्ने।

(घ) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

(ङ) सम्बन्धित खेल विधामा आधारभूत ज्ञान तथा खेलको राष्ट्रिय तथा अन्तराष्ट्रिय अनुभव भएको ।

(च) रेफ्री गरेको प्रमाणपत्र हुनुपर्ने ।

(छ) यस पालिकाको स्थानीय बासिन्दा र स्वास्थ्य तथा शारीरिक विषय अध्ययन गरेको उमेदवारलाई प्राथमिकता दिईने ।

**८. पाठ्यक्रम, परीक्षा प्रणाली, मूल्याङ्कन र छनौट प्रक्रिया :**

(क) खेलकुद प्रशिक्षकको लागि लिईने परीक्षाको कार्यक्रम, परीक्षा प्रणाली, मूल्याङ्कन र छनौट प्रक्रिया खेलकुद प्रशिक्षक छनौट समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(ख) लिखित तथा मौखिक परीक्षामा सफल उम्मेदवारलाई गाउँपालिकाले नियुक्ति दिनेछ ।

**९. परीक्षा सञ्चालनको अवधि र किसिम :** लिखित परीक्षाको समयावधि २ घण्टाको हुनेछ ।

(क) छोटो सूची (ख) लिखित अंकभार ७० अंक (ग) अन्तर्बार्ता ३० अंक

(घ) छनौट समितले आवश्यक ठानेमा प्रयोगात्मक परीक्षा समेत लिन सकिनेछ । अन्तरबार्ताको अंक विभाजन छनौट समितिको निर्णयानुसार हुनेछ ।

## परिच्छेद ४

## भत्ता र बिदा सम्बन्धी व्यवस्था

**१०. भत्ता सम्बन्धी व्यवस्था :**

(क) खेलकुद प्रशिक्षकलाई मासिक तलब तथा अन्य सुविधा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(ख) गाउँपालिकाको आयोजनामा संचालन गरिने खेलकुद कार्यक्रम संचालनार्थ भत्ता तथा अन्य सुविधा दिइने छैन ।

**११. बिदा सम्बन्धी व्यवस्था :**

(क) खेलकुद प्रशिक्षकले एक वर्षमा ६ दिन क्या.बि. र ६ दिन पर्व बिदा पाउने छ । उल्लेखित बिदा सञ्चित हुने छैन ।

## परिच्छेद ५

## प्रशिक्षकको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

**१२. खेलकुद प्रशिक्षकको काम कर्तव्य र अधिकार देहाय बजोजिम हुनेछ :**

(क) बेनीघाट रोराङ गाउँपालिका अन्तर्गत सञ्चालन गरिने खेलकुदहरुको सञ्चालनमा रेफ्रीको भूमिका निर्वाह गर्ने ।

(ख) गाउँपालिकाले खेलकुदमा गर्ने लगानीलाई सदुपयोग गर्ने उद्देश्य राखी खेलकुद विकासको लागि निरन्तर प्रतिवद्ध रहने ।

(ग) विद्यालय तहमा रहेका खेलाडीहरुको सीप विकास तथा खेलकुद सम्बन्धी प्रशिक्षण गर्ने ।

(घ) खेलकुदको स्तरमा वृद्धि गर्न समय समयमा प्रशिक्षण गर्न तोकिएको विद्यालयमा गई खेलाडीहरुलाई प्रशिक्षण गर्ने ।

(ङ) गाउँपालिकाबाट सहभागी हुने विद्यालयस्तरीय वा अन्य खेलकुदका सहभागीहरुको मुख्य प्रशिक्षक भई जिम्मेवारी बहन गर्ने ।

(च) अनुशासित खेलाडी विकासको मुख्य लक्ष्य लिई कार्य गर्ने ।

(छ) गाउँपालिकालाई खेलकुदको क्षेत्रमा पहिचान बनाउने कार्यतर्फ अग्रसर रहनुपर्ने।

(ज) खेलकुद विकास समिति तथा गाउँपालिकालाई खेलकुद सम्बन्धी विषयमा राय/परामर्श दिने ।

(झ) शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धी प्रशिक्षण, प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने ।

(ञ) खेलकुदको विकास तथा खेलकुद सम्बन्धी खेलकुद विकास समितिहरु एवं गाउँपालिकालाई आवश्यक सल्लाह तथा पृष्ठपोषण गर्ने ।

(ट) खेलकुद विकासको लागि आवश्यकतानुसार सहयोग तथा सहजीकरण गर्ने ।

(ठ) खेलकुद विकासको लागि वडा तथा गाउँपालिकास्तरमा खेलकुद विकास समिति गठन तथा पुनर्गठन गर्न सहजीकरण एवम् समन्वय गर्ने ।

(ड) गाउँपालिका / खेलकुद विकास समितिले दिएका अन्य जिम्मेवारी तथा निर्देशनको पूर्ण पालना गर्ने र गराउने ।

(ढ) खेलकुद विकासको क्षेत्रमा गाउँपालिकाको साख उच्च कायम हुने गरी कार्य गर्ने गराउने ।

(ण) गाउँपालिका / खेलकुद विकास समितिले दिएका अन्य जिम्मेवारी तथा निर्देशनको पूर्ण पालना गर्ने र गराउने ।

**१३. खेलकुद प्रशिक्षक सम्बन्धी अन्य व्यवस्था :**

क) खेलकुद प्रशिक्षकका लागि गाउँपालिकाको कर्मचारी तेरिज तयार नहुन्जेल सम्म गाउँपालिकामा स्थायी दरबन्दी सिर्जना हुने छैन ।

ख) करारमा नियुक्त भएका प्रशिक्षकहरूको कार्य सन्तोषजनक नदेखिएमा कार्यालयले जुनसुकै समयमा पनि करार सम्झौता अन्त गर्न सक्ने छ ।

ग) करार सम्झौता बढीमा ६ महिनाको लागि लागु हुनेछ ।

घ) सम्झौताको निरन्तरता तथा खेलकुद प्रशिक्षक कार्यक्रममा बजेट बिनियोजन गर्ने वा नगर्ने विषयमा गाउँ सभाको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद ६

## <u>विविध</u>

**<u>१४. विविध :</u>** यस कार्यविधिमा कुनै बाधा अड्काउ परेमा फुकाउने र संशोधन गर्ने अधिकार बेनीघाट रोराङ गाउँ कार्यपालिकामा निहित रहने छ ।

१५. यस कार्यविधिमा उल्लेख भएका कुनैपनि प्रावधान प्रचलित ऐन कानूनसँग बाझिएको बाझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले
नर्बदा घिमिरे
प्रमुख प्रशासकीय अधिकृत